# ३स्क्वायर्सVT

*भर्मण्ट्स सप्लिमेण्टल न्यूट्रिशन एसिस्टन्स प्रोग्राम*
*(विगतको फुड स्टाम्प्स)*

## बसाइँ सरेका मानिसहरूका लागि प्रश्नोत्तर

### मैले ३स्क्वायर्सVT सुविधा पाएमा मेरो ग्रीन कार्ड प्राप्त गर्नमा मलाई समस्या हुनेछ?

हुँदैन। ३स्क्वायर्सVT सुविधा अथवा अन्य नगदी बाहेकका सहायताहरू लिनाले तपाईँले ग्रीन कार्डका लागि दिएको आवेदनमा तपाईँलाई कुनै किसिमको नोक्सान गर्दैन।

### के म अयोग्य भएपनि मेरो बच्चाले ३स्क्वायर्सVT सुविधा पाउन सक्नेछ?

हो। तपाईँ स्वयं आफ्नो लागि ३स्क्वायर्सVT सुविधा पाउन असमर्थ हुनुहुन्छ या कागजात छैनन् भने पनि एकजना कानूनी तवरमा बसोबास गर्ने १८ वर्ष भन्दा मुनिको बच्चाले यो सुविधा पाउन सक्नेछ। तपाईँले आफ्नो बच्चाको तर्फबाट ३स्क्वायर्सVT का लागि आवेदन दिनुभएमा तपाईँले आफ्नो सामाजिक सुरक्षा संख्या दिनुपर्दैन अथवा आफ्नो अध्यागमन हैसियतबारेका कुनै प्रश्नको जवाफ पनि दिनुपर्दैन। तर, तपाईँको आय तथा स्रोतहरूबारे भने तपाईँले जानकारी गराउनुपर्नेछ।

### मैले ३स्क्वायर्सVT का लागि आवेदन दिएमा, मसित बस्ने मानिसहरूले उनीहरूको अध्यागमन हैसियत सम्बन्धी प्रश्नको जवाफ दिनुपर्नेछ?

३स्क्वायर्सVT का लागि आवेदन दिने मानिसहरूले मात्र उनीहरूको अध्यागमन हैसियत सम्बन्धी प्रश्नको जवाफ दिनुपर्नेछ। घरमा बस्ने तर ३स्क्वायर्सVT सुविधा नचाहिने मानिसहरूले कुनैपनि अध्यागमनका कागजातहरू देखाउनुपर्दैन या उनीहरूको सामाजिक सुरक्षा संख्या दिनुपर्दैन तर उनीहरूको आय तथा स्रोतहरूबारे भने जानकारी गराउनुपर्नेछ।

### मैले अध्यागमन हैसियतबारे प्रश्नको जवाफ दिन अस्वीकार गरेमा के बालबालिका तथा परिवार विभागको आर्थिक सेवा शाखा (ESD) ले मेरो बारेमा ICE (अध्यागमन तथा भन्सार परिचालन) लाई सूचना दिनुपर्नेछ?

होइन। तपाईँले आफ्नो अध्यागमन हैसियतबारे प्रश्नको जवाफ दिन नचाहेमा, DCF तथा ESD ले तपाईँलाई केही अरु प्रश्न सोध्न पाउने छैनन् अथवा तपाईँको अध्यागमन हैसियतबारे अन्य कसैबाट पनि पत्ता लगाउने प्रयास गर्न पाउने छैनन्। उनीहरूले तपाईँका बारेमा ICE मा सूचना पनि दिनेछैनन्। तर, तपाईँसित कागजात नभएको प्रमाण उनीहरूकहाँ भएमा उनीहरूले तपाईँका बारेमा ICE मा सूचना गराउनुपर्दछ।

### ३स्क्वायर्सVT सुविधाका लागि आवेदन गर्दा मैले मद्दतका लागि दोभाषे पाउन सक्छु?

सक्नुहुन्छ। तपाईँको DCF/ESD कार्यकार्तासित कुराकारी गर्न तपाईँलाई कसैको मद्दत चाहिएमा, तपाईँले एकजना दोभाषेको माग गर्न सक्नुहुनेछ तथा ESD ले यसको खर्च बेहोर्नेछ।

### मैले ३स्क्वायर्सVT का लागि आवेदन गर्दा अस्वीकृत भएको छ। म के गर्न सक्छु?

तपाईँ ३स्क्वायर्सVT सुविधाका लगि योग्य हुनुहुन्छ भन्ने लागेमा तपाईँले ESD मा पुनरावेदन गर्न सक्नुहुनेछ। तपाईँले लिखित रुपमा अथवा ESD मा फोन गरेर ९० दिनभित्र पुनरावेदनका लागि दर्ता गरिसक्नुपर्नेछ (लेख्ने सर्वोत्तम उपाय हो)। भर्मण्ट लिगल एड अथवा लिगल सर्भिसेज ल लाईनले तपाईँसित कुराकानी गर्नलाई वकील या वकीलका सहायक उपलब्ध गराउन सक्नेछ।

**तपाईँलाई सहायता चाहिएमा अथवा प्रश्नहरू भएमा, कृपया फोन गर्नुहोस्**
**भर्मण्ट लिगल एड: १-८००-७६९-७४५९**

Vermont Campaign to End Childhood Hunger

*यो सन्देशको केही अंशका लागि समान अवसर प्रदायक तथा रोजगारदाता संस्था USDA द्वारा आर्थिक अनुदान प्रदान गरिएको हो।*

VERMONT DEPARTMENT FOR CHILDREN AND FAMILIES ECONOMIC SERVICES DIVISION

*४/१०/०९*